वितरणपूर्व जाँच

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटद्वारा उच्चायुक्तको कार्यालय-नेपाल, काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा प्रस्तुत वक्तव्य

## २०६४ असोज ४

प्रिय सञ्चारकर्मी, सहकर्मी तथा मित्रहरू

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित प्रतिनिधिका रूपमा मेरो पहिलो पत्रकार सम्मेलनका लागि उच्चायुक्तको कार्यालय-नेपालको काठमाडौंस्थित मुख्यालयमा आउनुभएकोमा तपाईंहरूलाई धन्यवाद।

तपाईंहरूमध्ये केहीलाई थाहा छ, भदौ १८ गते काठमाडौं आइपुग्दा मैले दिएको सङ्क्षिप्त वक्तव्यमा मैले देशका अगाडि रहेका मानवअधिकारसम्बन्धी केही चुनौतीको रेखाङ्कन गरेको थिएँ। आज म ती चुनौतीहरूबारे विस्तारमा प्रकाश पार्न चाहन्छु र आगामी महिनाहरूमा तिनलाई सम्बोधन गर्न यस कार्यालयले कस्तो योजना बनाएको छ भन्ने खाका पनि प्रस्तुत गर्न चाहन्छु।

तर, सर्वप्रथम कपिलवस्तुको स्थितिबारे सङ्क्षेपमा कुरा गर्नु महत्त्वपूर्ण हुन्छ जस्तो मलाई लागेको छ। तपाईंहरूलाई थाहा होला, यो साताको प्रारम्भमा मैले सो क्षेत्रको भ्रमण गरें र केही स्थानीय मानिसहरूसँग कुरा गरें। उनीहरूले सरकारको अकर्मण्यताबाट आफूहरू निराश भएको मलाई बताए। आइतबार भएको प्रारम्भिक हत्याहरूपछिको हिंसाबाट धेरै मानिसहरू विस्थापित भए : उनीहरूले कुनै मानवीय राहत पाएका छैनन् र यस कार्यालयको विशेष चासोको कुरा, शान्तिपूर्वक बाँच्न पाउने गरी सो क्षेत्रमा कानुन तथा व्यवस्था पुनर्स्थापना गर्न कुनै प्रयास नगरिएको उनीहरू महसुस गर्दछन्।

विगत एकदुई दिनमा त्यहाँ पीडितहरूविरुद्ध अरू धेरै हत्या र विविध खालका अत्याचारहरू भएका रिपोर्टहरू छन्। हाम्रा अनुगमनकर्ताहरू अनमिनसँगको संयुक्त मिसनमा त्यस क्षेत्रमा रहेका छन् र यस साताका दुःखद घटनाहरूको पूर्ण अनुसन्धान गर्न आवश्यक पर्ने समयसम्म त्यहीं रहनेछन्।

आज नेपालमा अपर्याप्त सार्वजनिक **सुरक्षा स्थिति** निस्सन्देह मानवअधिकार - तथा शान्ति प्रक्रिया - का लागि सर्वाधिक ठूला चुनौतीहरूमध्ये एक रहेको छ। तराईमा भएको हिंसा तथा धेरैवटा घटनाहरूमा सुरक्षाफौजबाट भएको उपयुक्त प्रतिक्रियाको अभावका साथै हिंसा तथा डरत्रास देखाउन धेरैवटा सशस्त्र समूहको तत्परताले प्रश्न उब्जाउँछ : के स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको अनुकूल वातावरण तयार गर्न सकिन्छ ?

अत्यन्त महत्त्वपूर्ण सो निर्वाचन योजना गरिएझैं भयो भने त्यस प्रक्रियाले यस देशको अगाडि रहेको मानवअधिकारको एउटा प्रमुख चुनौतीलाई मुखरित गर्ने छ - नेपाली समाजमा रहेका

**ऐतिहासिकरूपबाट सीमान्तकृत** समुदायहरू र महिलाको पर्याप्त प्रतिनिधित्व सुनिश्चित गर्ने कुरा। यसको अर्थ यी समुदायका सदस्यहरूले आफ्नै इच्छाअनुसार मतदान गर्न पाउने मात्र होइन निर्वाचनपूर्वको अभियान प्रक्रियाका सबै पक्षमा पनि सहभागी बन्ने अवसर पनि पाउनै पर्छ। साथै, निर्वाचनलाई साँचो अर्थमा समावेशी हुन यी समुदायका सदस्यहरूको प्रतिनिधित्व संविधानसभामा हुनैपर्छ।

मानवअधिकार उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन तथा अन्य अन्तर्राष्ट्रिय अपराधहरूका लागि **जवाफदेहीता** मानवअधिकारको लामो समयदेखिको चुनौती हो जसले सन् २००५ को मईमा नेपालमा उच्चायुक्तको कार्यालय स्थापना भएयता सुधारको कुनै लक्षण देखाएको छैन। गत वर्ष यस कार्यालयले दुईवटा प्रतिवेदन प्रकाशित गऱ्यो — एउटा तत्कालीन शाही नेपाली सेनाको भैरवनाथ गणबाट भएको यातना तथा बेपत्ता पार्ने कार्य तथा अर्को द्वन्द्वका क्रममा भएको मैना सुनुवारको यातना तथा मृत्यु सम्बन्धमा। उच्चायुक्तको कार्यालय-नेपाल तथा अन्यद्वारा बारम्बार गरिएका आह्वानका बाबजुद ती कुनै पनि घटनामा जिम्मेवार व्यक्तिहरूको निर्धारण गर्न तथा तिनलाई दण्ड दिन पूर्ण अनुसन्धान तथा पूर्ण र निष्पक्ष न्यायिक प्रक्रिया सञ्चालन गरिएको छैन।

सरकारले जुनमा द्वन्द्वका क्रममा भएका बेपत्ता पार्ने कार्यसम्बन्धी एउटा जाँचबुझ आयोग गठन गर्ने घोषणा गऱ्यो तर त्यो आयोग स्वीकृत अन्तर्राष्ट्रिय मापदण्डहरूअनुसार अपर्याप्त हुनेछ।

उच्चायुक्तको कार्यालय-नेपालले पहिचान गरेको मानवअधिकारको अर्को ठूलो चुनौती **कानुन कार्यान्वयनमा अपर्याप्त** प्रतिक्रिया तथा स्वच्छ वा प्रभावकारी नरहेको **न्याय प्रणाली** हो। उदाहरणका लागि, तराईमा गैरकानुनी गतिविधिहरूप्रति राज्यको समानुरूपी प्रतिक्रियाको अभावले सर्वसाधारणमा विश्वासको सङ्कट र केही क्षेत्रमा डरको अवस्था सिर्जना गराएको छ। यस प्रवृत्तिलाई उल्टाउन स्थानीय शासकीय निकाय तथा नेपाल प्रहरीलाई पुनर्स्थापित गरिनैपर्छ। सुरक्षाफौजले वैधानिक प्रक्रिया तथा अन्य मानवअधिकारलाई सम्मान गर्दै कानुन तथा व्यवस्था पुनर्स्थापना गर्नैपर्छ।

हामीले देखेका केही मानवअधिकारका चुनौतीहरूलाई अगाडि राखेर अब म तिनको सामना गर्ने उच्चायुक्तको कार्यालय-नेपालका रणनीतिहरूमाथि छलफल गर्न चाहन्छु।

उच्चायुक्तको कार्यालयले निर्वाचन प्रक्रियामार्फत् प्रमुख अधिकार र सिद्धान्तहरूलाई उँचो राखिने छ कि छैन भनेर अनुगमन गर्नेछ। यस प्रक्रियाका क्रममा सर्वाधिक सान्दर्भिक हुने अधिकारहरूमा प्राथमिकरूपमा देहायका अधिकार पर्दछन्:

- सहभागिताको अधिकार
- भेदभावविरुद्धको अधिकार
- मत, अभिव्यक्ति तथा सूचनाको पहुँचसम्बन्धी स्वतन्त्रताको अधिकार
- शान्तिपूर्णरूपमा भेला हुन पाउने अधिकार
- सङ्गठन गर्न पाउने स्वतन्त्रताको अधिकार
- आवागमनको स्वतन्त्रताको अधिकार, तथा
- जीवनको, शारीरिक अखण्डताको तथा स्वेच्छाचारी थुनाविरुद्धको स्वतन्त्रताको अधिकार।

उच्चायुक्तको कार्यालयले निर्वाचन प्रक्रियाको अनुगमन सुरु गरिसकेको छ। स्थानीय स्तरमा प्रदर्शन तथा राजनीतिक जुलुसहरूलाई शान्तिपूर्ण रूपमा उपयुक्त ढङ्गबाट व्यवस्थापन गर्न; राज्यद्वारा वा गैरराज्य पात्रहरूद्वारा निर्वाचनमा भाग लिन पाउने अधिकारमाथि अड्चन पैदा गर्ने गरी कुनै पनि हस्तक्षेप हुन नदिन; तथा आउने अरू कुनै पनि समस्याहरूलाई सम्बोधन गर्नमा सुरक्षाफौज तथा प्रशासनद्वारा गरिने कारबाहीमाथि मुख्य संकेन्द्रण हुनेछ।

यस कार्यालयले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका अधिकारीहरूसँगको शृङ्खलाबद्ध बैठकहरूमा मानवअधिकार र सुरक्षासम्बन्धी चिन्ताहरूलाई सम्बोधन गर्ने योजना पनि बनाएको छ। कानुनको उचित प्रक्रियालाई सम्मान गर्दै आपराधिक गतिविधिहरूप्रति कानुन कार्यान्वयन निकायहरूबाट समान तथा प्रभावकारी प्रतिक्रिया जनाउनुपर्ने आवश्यकतामाथि पनि छलफल हुनसक्नेछ। उच्चायुक्तको कार्यालय-नेपाल सुरक्षा तथा कानुन कार्यान्वयन निकायहरूलाई विशेषगरी राजनीतिक विरोध प्रदर्शनका क्रममा हिंसामाथि कारबाही गर्दा न्यूनतम आवश्यक बल प्रयोग गर्ने अन्तर्राष्ट्रिय कानुनअन्तर्गत तिनका दायित्वहरूबारे पनि स्मरण गराउँछ।

उच्चायुक्तको कार्यालय-नेपालले संविधानसभाको निर्वाचनमा महिला तथा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने कानुन तथा कार्यविधिको मस्यौदा तयार गर्न मद्दत गर्न गत वर्ष सरकारलाई कैयन सिफारिसहरू गरेको छ। नेपालमा लामो समयदेखि रहेको भेदभावलाई सम्बोधन गर्न वकालत, अनुगमन तथा क्षमता अभिवृद्धिसम्बन्धी सन् २००५ मईदेखिको हाम्रा गतिविधिहरूमा यो एउटा विस्तार हो।

महिला, मधेशी, जनजाति/आदिवासी, यौन अल्पसङ्ख्यक, विकलाङ्ग, भौगोलिकरूपमा बहिष्कृत क्षेत्रहरू तथा अन्य ऐतिहासिकरूपमा सीमान्तकृत समुदायहरूको उचित मात्रामा प्रतिनिधित्व हुने निर्वाचन परिणामले नेपालका जनतालाई विस्तृत शान्ति सम्झौता र अन्य दस्तावेजहरूमा आफ्ना नेताहरूले गरेका प्रतिबद्धताहरू बाचाहरू मात्र थिएनन् भन्ने महत्त्वपूर्ण सन्देश दिनेछ।

आगामी महिनाहरूमा उच्चायुक्तको कार्यालय-नेपालले सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व गर्ने सङ्गठनहरूको क्षमता अभिवृद्धिमा मद्दत गर्ने प्रयासहरू पनि बढाउनेछ र समाजमा यस्ता समुदायहरूको समावेशीकरणको अनुगमन गर्नेछ। अनुगमनका सम्बन्धमा, विभिन्न जिल्लाहरूमा न्यायमा दलित महिलाको पहुँचसम्बन्धी जानकारी सङ्कलन गर्न अहिले मानवअधिकार अधिकृतहरूको एउटा टोलीले अनुसन्धान अभियानहरू सञ्चालन गरिरहेको छ। द्वन्द्वको क्रममा बर्दिया जिल्लामा बेपत्ता पारिएका करिब २०० घटनाको अनुसन्धान गर्ने कार्यलाई पनि उच्चायुक्तको कार्यालयले जारी राखेको छ। धेरै घटनामा, पीडितहरू आदिवासी थारू समुदायका थिए।

यस कार्यालयले विगतमा भएका मानवअधिकार उल्लङ्घनमा जिम्मेवारहरूलाई जवाफदेही ठहऱ्याउन सरकार तथा नेकपा (माओवादी)लाई निरन्तर आग्रह गर्नेछ। बेपत्तासम्बन्धी २०६४ जेठ १८ गते सर्वोच्च अदालतले दिएको निर्णयले सत्य, न्याय तथा बेपत्ता पारिएका व्यक्तिहरूका परिवारलाई हर्जानाका लागि गरिएका आह्वानहरू सुनिनेछन् भन्ने आशा दियो तर अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डमा आधारित जाँचबुझ आयोग स्थापना गर्न अदालतले दिएको निर्देशनलाई सरकारले कार्यान्वयन गर्न बाँकी नै छ। उच्चायुक्तको कार्यालय-नेपालले प्रस्तावित जाँचबुझ आयोगका बारेमा आफ्ना चिन्ताहरू सार्वजनिक गरेको छ।

यस कार्यालयले सत्य निरूपण तथा मेलमिलाप आयोगको मस्यौदा विधेयकबारे पनि आफ्ना विश्लेषण तथा सिफारिसहरू सरकारलाई उपलब्ध गराएको छ। यस विधेयकले १० वर्षे द्वन्द्वको क्रममा गरिएका घोर मानवअधिकार उल्लङ्घनहरूमा क्षमादान गर्नु र यसरी यसले नेपाललाई अन्तर्राष्ट्रिय सन्धिजनित दायित्वहरूको उल्लङ्घन गर्नेमा राख्नु खेदजनक छ। त्यसबाहेक, आयोगको स्वतन्त्रता, निष्पक्षता र सञ्चालनमा निकै ठूलो राजनीतिक हस्तक्षेप हुनसक्ने सम्भावना रहन्छ जुन स्वीकार्य अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूसँग अनुकूल हुँदैन। म नागरिक समाज तथा संयुक्त राष्ट्रसङ्घद्वारा अभिव्यक्त गम्भीर चिन्ताहरूलाई ध्यानमा राख्न सरकारसँग आग्रह गर्दछु र हामी मस्यौदाका प्रावधानहरूबारे पीडितका समूहहरूलगायत मुलुकभरिका विभिन्न समूहसँग सरकारद्वारा हुने सार्थक तथा वास्तविक परामर्शका पहललगायतका मस्यौदाको प्रक्रियाबारेको अनुगमन गर्ने कार्यलाई जारी राख्नेछौं। उच्चायुक्तको कार्यालयले उपयुक्त सङ्क्रमणकालीन न्याय संयन्त्रको विकासका लागि अन्तर्राष्ट्रिय सिद्धान्त तथा सर्वोत्तम अभ्यासहरूबारे सरकार र नागरिक समाजलाई मार्गदर्शन र सल्लाह दिने कार्यलाई जारी राख्नेछ।

सत्य आयोगको महत्त्वपूर्ण कामका बाबजुद राज्यको प्राथमिक दायित्व गम्भीर मानवअधिकार उल्लङ्घनका दोषी व्यक्तिहरूबारे अनुसन्धान गर्नु, अभियोजन गर्नु तथा तिनलाई दण्ड दिनु हो।

दण्डहीनताको अन्त्यका लागि कानुनी खाकालाई थप सबलीकरण गर्न आवश्यक छ। उच्चायुक्तको कार्यालय-नेपालले सैनिक ऐन, २०६३ सम्बन्धी आफ्ना चिन्ताहरूबारे सरकारलाई अवगत गराइसकेको छ। यस ऐनले बलात्कार तथा कर्तव्य ज्यानसम्बन्धी मुद्दामा नागरिक अदालतलाई ऐकान्तिक क्षेत्राधिकारको व्यवस्था गरे तापनि यातना तथा बेपत्ता पारिएका घटनाका सम्बन्धमा सर्वोच्च अदालतमा पुनरावेदन गर्नसक्ने गरी यसले त्यसको क्षेत्राधिकार सैनिक अदालतलाई दिएको छ। यसले अरू गम्भीर मानवअधिकार उल्लङ्घन गर्ने नेपाली सेनाका कर्मचारीहरूमाथि क्षेत्राधिकारको अभ्यास गर्ने अधिकार सैनिक अदालत – नागरिक होइन – लाई दिएको छ। यस कार्यालयले यो ऐन संशोधन गर्न तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि सिफारिस गर्न सरकारसँगको आग्रहलाई जारी राख्नेछ।

विधिको शासन र न्याय प्रशासनको सबलीकरण नेपालका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिजनित दायित्वहरूलाई विद्यमान कानुनले सम्मान गर्ने तथा आवश्यक परेमा तिनलाई कार्यान्वयन गर्न नयाँ कानुनको मस्यौदा गर्ने कार्यको सुनिश्चिततासँगै सुरु हुन्छ। उच्चायुक्तको कार्यालय मानवअधिकारको संरक्षणलाई आफ्नो कानुनी खाकाभित्र समाविष्ट गर्न सरकारलाई सल्लाह दिन एवं कानुन कार्यान्वयन गरियोस् तथा मानवअधिकार उल्लङ्घनविरुद्ध अभियोजन गरियोस् भन्ने कुरा सुनिश्चित गर्न अनुगमन गर्ने कार्यलाई जारी राख्नेछ। यथार्थमा उच्चायुक्तको कार्यालयले अनुगमन जारी राख्ने कानुन कार्यान्वयनको एउटा महत्त्वपूर्ण उपाय प्रहरीद्वारा जाहेरी दर्खास्त (एफआईआर)को दर्ता हो।

आगामी महिनाहरूमा यस कार्यालयले सरकारलाई प्रहरी, सेना तथा न्यायपालिकालगायतका यसका सबै संस्थाहरूमा मानवअधिकारलाई मूलप्रवाहमा ल्याउने उसको दायित्व पूरा गर्न पनि प्रोत्साहित गर्नेछ।

आज मैले छलफल गर्न चाहेको उच्चायुक्तको कार्यालय-नेपालको आगामी महिनाहरूको अर्को महत्त्वपूर्ण संकेन्द्रण मानवअधिकारको संरक्षणका लागि राष्ट्रिय संस्था तथा नागरिक समाजको क्षमता सबलीकरणमा हुनेछ भन्ने हो। यसमा पहिलो एउटा महत्त्वपूर्ण साझेदार राष्ट्रिय मानवअधिकार

आयोगलाई पेरिस सिद्धान्तअनुसार उसको प्रभावकारिता तथा विश्वसनीयतामा सुधार ल्याउन निरन्तर सहयोग गर्ने हो। तपाईंहरूलाई थाहा छ, आफ्नो काममा ठूलो बाधा पुग्ने गरी आयोग एक वर्षभन्दा बढी आयुक्तविहीन भएपछि यो साता नयाँ आयुक्तहरूले शपथ लिनुभयो। उच्चायुक्तको कार्यालय आयोग प्रभावकारी मानवअधिकार संस्थाका रूपमा निरन्तर विकसित हुने यस अवसरको अत्यन्त स्वागत गर्दछ। मैले नयाँ प्रमुख आयुक्तलाई भेटिसकेको छु र उच्चायुक्तको कार्यालय तथा आयोगले भविष्यमा कसरी सहकार्य गर्न सक्छन् भन्ने सम्बन्धमा अरू आयुक्तहरूसँग पनि छलफल गर्न थालिसकेको छु।

नागरिक समाज, खासगरी मानवअधिकार रक्षकहरू, ले नेपालमा मानवअधिकारको संवर्द्धन तथा संरक्षणमा प्रमुख भूमिका खेल्न सक्छन्। यस कार्यालयका प्राथमिकताहरूमध्ये एक उनीहरूको क्षमता सबलीकरणमा उनीहरूलाई निरन्तर सहयोग गर्नु तथा प्रभावकारी रूपमा मानवअधिकारको संवर्द्धन तथा संरक्षण हुने वातावरणलाई सहयोग गर्नु हुनेछ। यसमा सञ्जाल निर्माण गर्न नागरिक समाजसँग कार्य गर्ने तथा उनीहरूले मानवअधिकारसम्बन्धी चिन्ताहरूलाई सर्वाधिक प्रभावकारी रूपबाट सम्बोधन गर्न सकून् भनेर उनीहरूका गतिविधिहरूको समन्वय गर्ने कुरा पर्नेछ।

उच्चायुक्तको कार्यालयको, अन्य कुराका अतिरिक्त, नागरिक समाजसँगको क्षमता अभिवृद्धिका गतिविधिहरू विगत दुई वर्षमा हाम्रो एउटा महत्त्वपूर्ण संकेन्द्रण भएको छ र संविधानसभाको निर्वाचन प्रक्रियाका क्रममा मानवअधिकारप्रति सम्मानको कुरालाई अनुगमन गर्ने हाम्रो रणनीतिबारे मानवअधिकार रक्षक तथा नागरिक समाजका अन्य इच्छुक सदस्यहरूलाई हाम्रा क्षेत्रीय कार्यालयहरूले अहिले जानकारी उपलब्ध गराइरहेकाले यसको महत्त्व अझ बढेको छ।

चुनौतीपूर्ण शान्ति प्रक्रियाका क्रममा तथा पछि पनि मानवअधिकारप्रतिको सम्मानमा सुधार ल्याउन र मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनमा नेपाली संस्थाहरू तथा नागरिक समाजले नेतृत्व गर्ने ठोस आधार राख्न मद्दत गर्ने उद्देश्यले आगामी महिनाहरूमा उच्चायुक्तको कार्यालय-नेपालले संकेन्द्रण गर्ने केही मुख्य क्षेत्रहरूमाथि मैले भर्खरै प्रकाश पारेको छु। अब म तपाईंहरूबाट प्रश्नहरूको अपेक्षा गर्दछु।

########